नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

☎ ०६५- ५६०१३३ ५६०१०९ ५६२६१३
फ्याक्स:- ०६५-५६०१०७

पत्र संख्या:- ०७८/७९
च.नं

## जिल्ला प्रशासन कार्यालय तनहुँबाट जारी आदेश

कोभिड-१९ को बढ्दो संक्रमणलाई दृष्टिगत गरी सोको रोकथाम तथा नियन्त्रण र उपचारलाई थप प्रभावकारी बनाउन नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७८।०९।३० गतेको निर्णयबाट जारी आदेश, संक्रामक रोग ऐन २०२० को दफा २ र स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी यस तनहुँ जिल्लाभर मिति २०७८।१०।०५ गते राती १२;०० बजे देखि लागु हुने गरी अर्को सूचना नभएसम्म देहायको आदेश जारी गरिएको छ ।

### देहाय

१. सबै प्रकारका आमसभा, जुलुस भेला वा धेरै मानिस भेला हुने क्रियाकलाप मिति २०७८ साल माघ मसान्तसम्म संचालन नगर्ने ।

२. गोष्ठी, सेमिनार, समीक्षा, बैठक जस्ता क्रियाकलापहरु संचालन गर्दा भर्चुअल माध्यमबाट गर्ने ।भौतिक रुपमा उपस्थित भई गर्नुपर्ने भएमा जनस्वास्थ्य मापदण्ड पालना गर्ने गरी बढीमा २५ जना मात्र सहभागी हुने गरी संचालन गर्ने साथै २०७८ माघ ७ देखी खोपको पुरा मात्र लगाएका व्यक्तिहरु मात्र उपस्थित हुने गरी गर्ने ।

३. सिनेमा हल, डान्सबार, दोहोरी नाचघर, क्लव, हेल्थ क्लव, जिम खाना, स्विमिङ पुल, फुटसल, पटके हाटबजार र मानिसहरु भिडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम २०७८ साल माघ १५ गतेसम्म संचालन नगर्ने, नगराउने ।

४. विद्यालय, विश्वविद्यालय, कलेज, टुयसन सेन्टर, तालिम वा अन्य प्रकारका शैक्षिक गतिविधि २०७८ साल माघ १५ गतेसम्म भौतिक उपस्थितिमा नगरी भर्चुअल वा वैकल्पिक शिक्षण सिकाई विधिहरु अपनाई संचालन गर्ने ।

५. विद्यालय, कलेजका पुर्व निर्धारित परिक्षा, जनशक्ति भर्नाका परिक्षा, वैदेशिक रोजगारी र अध्ययनका लागि संचालन गरिने विदेशी भाषा परिक्षा तथा चिकित्सा शिक्षाका सबै किसिमका प्रयोगात्मक कक्षा जनस्वास्थ्यका मापदण्ड पालना गरी संचालन गर्ने ।

६. मठ, मन्दिर, मस्जिद, गुम्वा, चर्च लगायतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गरी २०७८ साल माघ मसान्तसम्म नित्य, पूजा, ध्यान र प्रार्थना मात्र गर्ने गराउने ।

७. यही माघ ७ गते देखि जिल्लाभित्रका सबै सार्वजनिक निकायमा सेवा प्राप्त गर्न खोप कार्ड (मोबाईलमा फोटो भएपनि हुने) अनिवार्य गर्ने ।

८. सपिङ्ग मल, डिपार्टमेन्ट स्टोर, सुपर मार्केट वा अन्य प्रकारका पसलमा एक पटकमा २५ जना भन्दा बढी हुन नहुने, कुनै पनि सामान अनावश्यक रुपमा नछुने, दुई व्यक्तिको बीचमा कम्तीमा दुई मिटर दुरी कायम गर्ने । मास्क अनिवार्य गर्ने, पटक पटक साबुन पानीले हात धुने वा सेनिटाइज गर्ने गरी संचालन गर्ने ।जनस्वास्थ्यसम्बन्धी मापदण्ड पालना गर्ने गराउने दायित्व सम्बन्धित व्यवस्थापक वा संचालकको हुने ।

९. पार्टी प्यालेसमा एक पटकमा कुल क्षमताको बढीमा एक तिहाई नबढ्ने गरी बढीमा पचास जना मात्र उपस्थित रहने तथा जनस्वास्थ्य मापदण्डको पालना गर्ने गरी प्रमुख जिल्ला अधिकारीबाट पूर्व स्वीकृती लिई विवाह, ब्रतबन्ध, न्वारन तथा पास्नी जस्ता धार्मिक, सांस्कृतिक, सामाजिक वा अन्य कार्यक्रम संचालन गर्ने ।

१०. धार्मिक वा सांस्कृतिक जात्रा, पर्व, विवाह, न्वारन, पास्नी जस्ता धार्मिक अनुष्ठान, मृत्यु संस्कार लगायतका अत्यावश्यक परम्परागत धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरु संचालन गर्दा पचास जना भन्दा बढी नहुने र जनस्वास्थ्यका मापदण्डको पालना हुने गरी मात्र संचालन गर्ने ।

११. माथी उल्लेख भए बाहेकका एक पटकमा पच्चीस जना भन्दा बढी जम्मा हुने क्रियाकलाप संचालन गर्नु परेमा जनस्वास्थ्यका मापदण्ड लगायत तोकेका मापदण्ड पालना गर्ने गरी प्रमुख जिल्ला अधिकारीको स्वीकृति लिएर मात्र संचालन गर्ने ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

☎ ०६५- ५६०१३३ ५६०१०९ ५६२६१३
फ्याक्स:- ०६५-५६०१०७

पत्र संख्या:- ०७८/७९
च.नं

१२.सार्वजनिक यातायात संचालन सम्बन्धमा देहाय बमोजिम गर्ने:-

क. सिट क्षमता भन्दा बढी यात्रु नराख्ने,
ख. सबै यात्रुलाई मास्क अनिवार्य गर्ने,
ग. सवारी साधनको ढोकामा र सवारी साधनभित्र यात्रुले प्रयोग गर्ने गरी सेनिटाईजरको व्यवस्था गर्ने,
घ. चालक तथा सहचालकले मास्क र फेससिल्ड लगाउनु पर्ने,
ङ. सवारी साधनलाई दैनिक रुपमा निसङ्क्रमित गर्नु पर्ने,
च. सार्वजनिक यातायातमा कुनै यात्रुले मास्क नलगाई आएमा चालक वा सहचालकले बढीमा पाचँ रुपैया लिई मास्क उपलब्ध गराउनु पर्ने,
छ. मास्क नलगाउने व्यक्तिलाई सवारी साधनमा प्रवेश गर्न नदिने,
ज. लामो दुरीमा चल्ने सार्वजनिक यातायातमा बीचबाटोमा थप यात्रु नचढाउने गरी शुरु गन्तव्य देखी अन्तिम गन्तव्यसम्म यातायात संचालन गर्ने र यात्रुहरुको विवरण जिल्ला कोभिड व्यवस्थापन समितिलाई उपलब्ध गराउने,
झ. लामो दुरीमा चल्ने सार्वजनिक यातायातका यात्रुहरुलाई सम्भव भएसम्म एन्टिजेन परिक्षण गर्ने व्यवस्था मिलाउने,

१३.कार्यालय र पसल जस्ता सार्वजनिक स्थलमा सेनिटाईजर र मास्कको प्रयोग अनिवार्य गर्ने । कुनै व्यक्तिले मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा पाचँ रुपैया लिई मास्क उपलब्ध गराउने । मास्क नलगाउने व्यक्तिलाई कार्यालय तथा पसलमा प्रवेश गर्न नदिने ।

१४.होटल तथा रेष्टुरेन्टले देहाय बमोजिम मापदण्ड पालना गरी सेवा दिने:-

क. होटल तथा रेष्टुरेन्टका कामदारले अनिवार्य रुपमा मास्क, फेससिल्ड र पञ्जा लगाउने,
ख. होटल तथा रेष्टुरेन्टमा प्रवेश गर्ने सबै ग्राहकहरुलाई मास्क अनिवार्य गर्ने,
ग. कुल क्षमताको आधा भन्दा बढी नहुने गरी कम्तीमा दुई मिटरको भौतिक दुरी कायम गर्नु पर्ने,
घ. सेनिटाईजरको व्यवस्था गर्नु पर्ने,
ङ. होटल तथा रेष्टुरेन्टमा कुनै सेवाग्राही मास्क नलगाई आएमा व्यवस्थापकले बढीमा पाचँ रुपैया लिई मास्क उपलब्ध गराउनु पर्ने र मास्क नलगाउने व्यक्तिलाई होटल तथा रेष्टुरेन्टमा प्रवेश गर्न नदिने,
च. होटल तथा रेष्टुरेन्टलाई नियमित रुपमा निसङ्क्रमित गर्नु पर्ने,
छ. २०७८ साल माघ ७ गते पछि खोपको पूर्ण मात्रा लगाएका सेवाग्राहीलाई मात्र खोप कार्डको आधारमा होटल तथा रेष्टुरेन्टमा प्रवेश गर्न दिने,
ज. होटलले चेक-इन गर्दाको अवस्थामा वा चेकइन गरेको २४ घण्टा भित्र आफ्नो होटलमा बास बस्ने प्रत्येक ग्राहकको एन्टिजेन परिक्षण गर्ने, त्यसपछि प्रत्येक ७२ घण्टामा एन्टिजेन परिक्षण गर्ने र सोको जानकारी डिसिसिएमसिलाई उपलब्ध गराउने ।

१५.राष्ट्रिय राजमार्गहरुमा संचालित होटल तथा रेष्टुरेन्टले बुदाँ नं १४ को खण्ड (छ) बाहेकका जनस्वास्थ्यका अन्य मापदण्डहरु पालना गरी भिडभाड नहुने व्यवस्था मिलाई आलोपालो गरी सेवा दिने ।

१६.सबै प्रकारका व्यवसायहरुको अग्रपडति काउन्टरमा रही काम गर्ने र ग्राहकहरुलाई नियमित सेवा दिने कर्मचारीको सम्बन्धित निकाय वा संस्थाले हप्ताको दुई पटक एन्टिजेन परिक्षण गराई रिपोर्ट नेगेटिभ आएका व्यक्तिलाई मात्र काममा खटाउने ।

१७.जुनसुकै सेवा वा क्षेत्रमा कार्यरत व्यक्तिमा कोभिड-१९ को लक्षण देखिएमा अनिवार्य रुपमा पाचँ दिन क्वारेन्टाईनमा बस्ने र ५ दिन पछि कोभिड-१९ परिक्षण गरी रिपोर्ट नेगेटिभ आएमा मात्र काममा लगाउने ।

१८.सार्वजनिक तथा निजी सेवा प्रदायकले सम्भव भएसम्म विद्युतीय प्रणाली मार्फत सेवा प्रदान गर्ने व्यवस्था मिलाउने ।

१९.नियमित रुपमा संचालन हुनु पर्ने स्वास्थ्य सेवाहरु जनस्वास्थ्यका मापदण्ड पालना गरी नियमित संचालन गर्ने ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

☎ ०६५- ५६०१३३
५६०१०९
५६२६१३
फ्याक्स:- ०६५-५६०१०७

पत्र संख्या:- ०७८/७९
च.नं

२०.कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र निगरानीका लागि आम नागरिकले देहाय बमोजिम गर्ने:-

क. जनस्वास्थ्य मापदण्डको पूर्ण रुपमा पालना गर्ने,

ख. घर बाहिर निस्कँदा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, प्रयोग गरिएका मास्क बन्द डस्टबिन वा प्लास्टिक झोलामा बन्द गरी सुरक्षित साथ राखी पाचैं दिन पछि मात्र विसर्जन गर्ने,

ग. घर तथा सार्वजनिक स्थलमा जथाभावी नथुक्ने,

घ. विदेशबाट नेपाल आउँदा वा निकट सम्पर्कमा रही कन्टयाक्ट ट्रेसिङमा परेमा परिक्षणबाट नतिजा नेगेटिभ भए तापनि कम्तीमा पाचैं दिन होम क्वारेन्टिनमा अनिवार्य रुपमा बस्ने,

ङ. पी.सी.आर परिक्षणका लागि प्रयोगशालामा स्वाब दिएपछि नतिजा नआएसम्म बाहिर हिड्डुल भेटघाट र बैठक नगर्ने,

च. स्थानीय तहमा क्वारेन्टिन र आइसोलेसनमा बसेका ब्यक्तिलाई सक्दो सहयोग गर्ने,

छ. अन्य ब्यक्तिले जनस्वास्थ्य मापदण्ड पालना नगरेमा स्थानीय तह, स्थानीय प्रशासन, स्वास्थ्य संस्था, टोल सुधार समिति, उपभोक्ता समिति वा सम्वद्ध अन्य निकाय वा संस्थालाई यथाशिघ्र जानकारी गराउने,

ज. होम आइसोलेसनमा बसेका ब्यक्ति स्वास्थ्यकर्मीको नियमित सम्पर्कमा रहने र स्वास्थ्यसम्बन्धि कुनै समस्या भएमा तुरुन्तै नजिकको अस्पतालमा जाने,

झ. नेपाल सरकारले तोके बमोजिम कोभिड-१९ विरुद्धको खोप लगाउने,

२१.यस आदेशमा उल्लेख भए बाहेकका अन्य सेवा वा कार्यसँग सम्वन्धित निकाय, सार्वजनिक, निजी गैरसरकारी संघसंस्था, कलकारखानाले त्यस्तो सेवा वा कार्य संचालन गर्दा गराउँदा जनस्वास्थका मापदण्ड पालना गर्ने गराउने ।

२२.संस्थाको साधारण सभा वा बैठकमा भर्चुअल र भौतिक उपस्थितिलाई समेत गणपुरक संख्या मान्ने ।

२३.कोभिड-१९ को रोकथाम, नियन्त्रण, निदान र उपचारका लागि नेपाल सरकारबाट भएको निर्णयमा जिम्मेवारी तोकिएका निकायको कार्य सम्पादनमा आवश्यक सहयोग, सहजीकरण तथा अनुगमन गरिने ।

२४.आदेशमा लेखिए भन्दा भिन्न कुनै आकस्मिक परिस्थिति सिर्जना भएमा नजिकको सुरक्षा निकाय वा एकाइमा जानकारी गराउने ।

२५.यस आदेशको पालना गर्नु सबैको कर्तव्य हुनेछ । आदेशको अवज्ञा गर्ने वा आदेश कार्यान्वयनमा बाधा पुर्याउने ब्यक्ति तथा संस्थालाई सङ्क्रामक रोग ऐन, २०२० बमोजिम कारवाही र सजायँ हुने ।

२६.कोभिड-१९ को रोकथाम, नियन्त्रण, निदान र उपचारका लागि नेपाल सरकारबाट भएको निर्णय र यस आदेशको पालना गराउन सबै राजनैतिक दल, स्थानीय तह, निजीक्षेत्र, नागरिक समाज, गैरसरकारी संस्था, संचारजगत र आमनागरिक सबैलाइ आवश्यक सहयोग समन्वय एवं सहजीकरणको लागि अनुरोध छ ।

प्रमुख जिल्ला अधिकारी